परिच्छेद ५

## बीमाङ्क तथा बीमाशुल्क

१८. बीमाङ्क निर्धारण: (१) यस बीमालेख बमोजिम गरिने मेन्था खेतीको बीमाङ्क निर्धारण गर्दा अनुसूची-४ बमोजिम मेन्था खेती बीमाङ्क निर्धारण तालिकालाई आधार मान्नु पर्नेछ ।

(२) यस बीमालेख अन्तर्गत मेन्था खेतीको बीमा मेन्थाको कच्चा पदार्थ उत्पादन वा सुगन्धित तेल उत्पादनको आधारमा गर्न सकिनेछ ।

(३) बीमाङ्क रकम कायम गर्दा यस बीमालेखमा उल्लेख भएको वनस्पति विभागबाट तोकेको प्रति किलो (कच्चा पदार्थको मुल्य वा सुगन्धित तेलको मुल्य) मुल्यलाई आधार मानिनेछ ।

१९. बीमाशुल्क गणनाः (१) यस बीमालेख बमोजिम गरिने मेन्था खेतीको बीमाशुल्क गणना गर्दा कच्चा पदार्थ उत्पादनको आधारमा चार (४) प्रतिशत र सुगन्धित तेल उत्पादनको आधारमा पाँच (५) प्रतिशत बीमाशुल्क लाग्नेछ ।

(२) उपदफा (१) बमोजिम मेन्थाको बीमाशुल्क गणना देहायका **तालिका क र ख** बमोजिम निम्न सुत्रलाई आधार मानेर गरिनेछ ।

**क. कच्चा पदार्थ उत्पादन आधारमा मेन्था खेतीको बीमाशुल्क गणना तालिका**

| क्र.सं. | सुत्र | | | रकम |
|---|---|---|---|---|
| १. | मेन्था खेतीको बीमाङ्क = मेन्था खेती गरेको क्षेत्रफल (कठ्ठामा) × प्रति कठ्ठा कच्चा पदार्थ उत्पादन किलोमा × प्रति किलो कच्चा पदार्थको मुल्य | | | रू....<br>“क” |
| २. | मेन्था खेतीको बीमाशुल्क = क × बीमाङ्क रकमको ४ % (चार प्रतिशत) | | | रू....<br>“ख” |
| ३. | प्रत्यक्ष छुट भएमा (ख को ......%)<br>नभएमा “०” राख्ने | | | रू....<br>“ग” |
| ४. | छुट पछिको रकम (ख – ग) | | | रू....<br>“घ” |
| ५. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (घ को ..... %) | | | रू....<br>“ङ” |
| ६. | जम्मा बीमाशुल्क = घ – ङ | | | रू....<br>“च” |
| ७. | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या “अ”<br>......... | बीमाशुल्क (रु. ५००) “आ”<br>......... | (अ × आ )<br>रू....<br>“छ” |
| ८. | बीमितले तिर्नुपर्ने कूल बीमाशुल्क रकम = च+छ | | | रू.... |

(४) सामूहिक रूपमा गरिएको  मेन्था खेती बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गरेको हुनुपर्नेछ र सोको विस्तृत विवरण अनुसूची-६ बमोजिम राख्नुपर्नेछ।

(५) सामूहिक बीमा गर्ने प्रयोजनका लागि मात्र संस्था वा समूह गठन गर्न पाइने छैन।

२२. बीमाशुल्क भुक्तानी : (१) बीमितले अनुदान बाहेकको  बीमाशुल्क भुक्तानी गरेको रकम बीमकको बैंक खातामा जम्मा भएको प्रमाण बीमकले प्राप्त नगरेसम्म बीमालेख जारी गर्न पाईने छैन।

## परिच्छेद-६
## बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२३. पालना गर्नुपर्ने व्यवस्थाः (१) बीमितले मेन्था खेतीको बीमा गर्दा देहायका प्राविधक पक्षहरू पालना गरेको हुनुपर्नेछ;

(क) मेन्था खेतीका लागि सकर रोपेको एक महिना भित्र बीमा गर्नुपर्नेछ।

(ख) रोपण सामग्रीको रुपमा प्रयोग हुने सकर , स्वस्थ तथा राम्ररी हुर्केको माउ बोट छानेर तयार गरिएको हुनुपर्नेछ।

(ग) सकरहरु कम्तीमा १५ से.मी. लामो गरि जमिनमा फैलिएको काण्डबाट लिएको हुनुपर्नेछ र सकरको टुक्रा ५ सेमी लामो र २-३ वटा आँख्ला भएको हुनुपर्नेछ।

(घ) रोपणको लागि प्रयोग हुने रोपण सामग्री तयार गरिएको विधि, प्राप्त गरेको मिति, स्थान तथा किसानको जानकारी अभिलेखमा कायम गरिएको हुनुपर्नेछ।

(ङ) स्वस्थ र हुर्केको माउ बोटबाट तयार गरिएका सकरहरु कम्तीमा सात (७) किलो प्रति कठ्ठाका दरले माघ देखि फागुन महिनामा रोपिएको हुनुपर्नेछ।

(च) मेन्था खेती समुन्द्र सतह देखि १००० मीटर उचाई सम्म गरिएको हुनुपर्नेछ।

(छ) खेतीको लागि प्रयोग गरिएको जग्गामा सिंचाइ सु   विधा भएको तथा पानी नजम्ने बलौटे अथवा चिम्ट्याइलो प्रकारको माटो हुनुपर्नेछ।

(ज) प्राङ्गारिक बिधिबाट मेन्था खेती  गरिएको छ भने , प्रति कठ्ठा कम्तीमा ५०० किलो पाकेको कम्पोस्ट अथवा गोठेमल प्रयोग गरिएको हुनुपर्नेछ तर  रसायनिक विधिबाट खेती गरिएको  खण्डमा जग्गा तयारीको बेला प्रति कठ्ठा २ किलो डिएपी र सकर रोपेको डेढ महिना पछि प्रति कठ्ठा २ किलो दरले युरिया मल टप ड्रेसिङ्ग गरिएको हुनुपर्नेछ।

(झ) रोपण गरेको बिरूवामा नियमित सिंचाई तथा गोडमेल गरिएको हुनुपर्नेछ।

(ञ) बीमा गरिएको मेन्था खेतीमा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, स्याहार सम्भार तथा उपचार गराई सोको प्रमाण सुरक्षित रूपमा राख्नु पर्नेछ।

(ट) रोग तथा किरा नियन्त्रण गर्दा जैविक विषादीको मात्रै प्रयोग गर्नुपर्नेछ।

(ठ) मेन्था फुल्न थालेपछि  वा  फेद तिरका पातहरु पहेलिन थालेपछि मनसुन सुरु हुनु अगावै अथवा जेष्ठ महिनाको दोस्रो हप्ता मेन्था संकलन गरिएको हुनुपर्नेछ।

(ड) मेन्था संकलन गर्दा निर्मलिकरण गरिएका उपकरणहरु प्रयोग गरिएको हुनुपर्नेछ, यदि कच्चा पदार्थ उत्पादनसम्मको मात्रै बीमा गरिएको खण्डमा संकलित मेन्थालाई नओईलिने र नकुहिने गरी अधिकतम तीन दिनसम्म सफा छायाँ घर अथवा छहारीमा भण्डारण गर्न सकिनेछ।

(ढ) सुगन्धित तेल उत्पादन सम्मको बीमा गरिएको अवस्थामा संकलित मेन्थालाई सफा बोरा अथवा डोकोमा राखेर अन्य कुनै प्रकारको संक्रमण रहित ढुवानीको साधन प्रयोग गरी डिस्टिलेसन युनिट पुर्याइएको हुनुपर्नेछ।

(ण) डिस्टिलेसन युनिट पु र्याइएको मेन्थालाई प्र शोधन गर्नु अघि छहारी मुनी , सफा प्लास्टर अथवा प्लास्टिक माथि कम्तीमा ६ घण्टा र बढीमा २४ घण्टा ओइलाइएको हुनुपर्नेछ र अन्य झारपात भएमा टिपिएको हुनुपर्नेछ।

(त) डिस्टिलेसन युनिट स्टेनलेस स्टीलबाट बनेको हुनुपर्नेछ साथै पानी-बाफ डिस्टिलेसन विधि वा प्रत्यक्ष बाफ डिस्टिलेसन विधि अवलम्वन गरि प्रशोधन गरिएको हुनुपर्नेछ।

(थ) प्रशोधन कक्ष तथा तेल संकलन कक्षलाई धुवां तथा अन्य प्रदुषणको प्रत्यक्ष सम्पर्कबाट टाढा राखेको हुनुपर्नेछ।

(द) रोपणको लागि प्रयोग हुने रोपण सामग्री प्राप्त गरेको मिति , प्राप्त गरेको स्रोत , प्राप्त गरेको स्थान , खेती गर्दाका महत्त्वपूर्ण गतिविधि जस्तै ; बिरुवा रोपण , सिंचाई, मलजल, गोडमेल, संकलन, क्यूरीङ , प्रशोधन आदिको अनुसूची-७ बमोजिम अभिलेख राखिएको हुनुपर्नेछ र उक्त अभिलेखहरु बीमकले मागेको समय मा तथा दावीको समयमा बीमक समक्ष पेश गरिएको हुनुपर्नेछ।

## परिच्छेद -७
## दावी

२४. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट मेन्था खेतीको क्षति भएमा क्षति भएको तीन दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट जानकारी गराउनु पर्नेछ।

२५. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः (१) बीमितबाट क्षतिको सूचना प्राप्त गरेपछि दावी भुक्तानी प्रक्रियाको लागि बीमकले बीमितसंग देहाय बमोजिमको कागजातहरू माग गर्नु पर्नेछः

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा ५ जना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

| | |
|---|---|
| कुल क्षति मूल्य रू | (क्षति भएको मेन्था खेतीको क्षेत्रफल कठ्ठामा × प्रति कठ्ठा कच्चा पदार्थ उत्पादन किलोग्राममा × प्रति किलोग्राम कच्चा पदार्थको बजार मुल्य × वास्तविक क्षति प्रतिशत) / १०० |
| अधिक रकम (रू. १०,००० वा दाबी रकमको ५ % (पाँच प्रतिशत) मध्ये जुन कम हुन्छ) | .......................... |
| **खुद क्षति रकम रू.** | कुल क्षति मूल्य रू. – अधिक रकम रू.<br>= रू ............... |

**सुगन्धित तेल उत्पादनमा भएको क्षतिको मूल्याङ्कन**
**(रोपण गरेपछि संकलन गर्नु अघि )**

| विवरण | गणना |
|---|---|
| बीमा भएको मेन्था खेतीको क्षेत्रफलः | ............. |
| क्षति भएको मेन्था खेतीको क्षेत्रफलः | ................................. |
| प्रति कठ्ठा सुगन्धित तेल उत्पादन किलोग्राममा | ................................. |
| प्रति किलोग्राम सुगन्धित तेलको बजार मूल्य रु | .............................. |
| कुल क्षति मूल्य रू | (क्षति भएको मेन्था खेतीको क्षेत्रफल कठ्ठामा × प्रति कठ्ठा सुगन्धित तेल उत्पादन किलोग्राममा × प्रति किलोग्राम सुगन्धित तेलको बजार मुल्य × वास्तविक क्षति प्रतिशत) / १०० |
| अधिक रकम (रू. १०,००० वा दाबी रकमको ५ % (पाँच प्रतिशत) मध्ये जुन कम हुन्छ) | .......................... |
| **खुद क्षति रकम रू.** | कुल क्षति रकम रू. - अधिक रकम रू.<br>= रू ............... |

**सुगन्धित तेल उत्पादनमा भएको क्षतिको मूल्याङ्कन**
**(संकलन गरेपछि)**

| विवरण | गणना |
|---|---|
| बीमा भएको मेन्था खेतीको क्षेत्रफलः | ............. |
| क्षति भएको मेन्था खेतीको क्षेत्रफलः | ................................. |
| प्रति कठ्ठा सुगन्धित तेल उत्पादन किलोग्राममा | ................................. |
| प्रति कठ्ठा बास्तबिक सुगन्धित तेल उत्पादन किलोग्राममा | ................................. |
| प्रति किलोग्राम सुगन्धित तेलको बजार मूल्य रु | .............................. |
| कुल क्षति मूल्य रू | क्षति भएको मेन्था खेतीको क्षेत्रफल कठ्ठामा × (प्रति कठ्ठा सुगन्धित तेल उत्पादन किलोग्राममा - प्रति कठ्ठा बास्तबिक सुगन्धित तेल उत्पादन किलोग्राममा) × प्रति किलोग्राम सुगन्धित तेलको बजार मुल्य |
| अधिक रकम (रू. १०,००० वा दाबी रकमको ५ % (पाँच प्रतिशत) मध्ये जुन कम हुन्छ) | .......................... |
| **खुद क्षति रकम रू.** | कुल क्षति रकम रू. - अधिक रकम रू.<br>= रू ............... |

द्रष्टव्य : (१) प्रति कठ्ठा सुगन्धित तेल उत्पादन अनुसूची ४ मा उल्लेख भए अनुसार हुनेछ र प्रति कठ्ठा वास्तविक सुगन्धित तेल उत्पादन किसानले डिस्टिलेसन गर्दा प्राप्त गरेको उत्पादन हो।
(२) वास्तविक क्षति प्रतिशत अनुसूची ८ सँग सम्बन्धित छ।

७. स्थिर फोटो संख्या (कम्तीमा पाँचवटा) .........................................................
८. भिडियो क्लिपको समयः(कम्तीमा एक मिनेट) ..............................................

